REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs **Date: 09.05.2025**

एमईए ब्रिफिङ

पाकिस्तानले गए राति लेह देखि Sir Creak सम्म 400 ड्रोनहरूको प्रयोग गरेर 36 ठाँउहरूमा घुसपैठका प्रयासहरू गर्यो। भारतीय सशस्त्र बलले Kinetic र गेर Kinetic माध्यमहरूले यी ड्रोनहरू मध्ये कैयनलाई गोली हानि खसाई दियो। नयां दिल्लीमा एउटा विशेष मीडिया जानकारीमा भारतीय सेनाकी कर्नल सोफिया कुरेशीले पाकिस्तानी सेनाले संपूर्ण पश्चिमी सीमामा भारतीय वायुक्षेत्रको धेरै पटक उल्लंघन गरेको भन्नुभयो जसको लक्ष्य सैन्य पूर्वधारलाई हानि पुर्याउनु रहेको थियो।

उहाँले भन्नुभयो - ।

डि.डि एम ए-पाक्योङ

पाक्किम जिल्लाधीश रोहन अगवानेद्वारा नेतृत्व गरिएको जिल्ला आपदा प्रबन्धन प्राधिकरणले घटना प्रतिक्रिया प्रणाली आईआरएस र जिल्ला आपातकालीन संचालन केन्द्र ईओसीलाई सक्रिय पार्नुभएको छ जसको अगुवाई घटना कमान र पाकिम मुख्यालयका अतिरिक्त जिल्लाधीश – जि एल मिनाले गर्नुभयो।

यस अभ्यासको लक्ष्य आपातकालीन स्थितिहरूमा तयारी तथा समन्वयलाई बढ़ाउनु अनि स्थितिहरूको प्रबन्धन गर्न रहेको थियो।

आई आर एस संबधित विभिन्न वर्ग, शाखा, प्रभाग समूह तथा एकान्शहरूलाई सक्रिय पारियो अनि विभागहरू सिक्किम पुलिस, अग्निशमन विभा, राष्ट्रीय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड, सीमा सड़क संगठन, सशस्त्र सीमा बल तथा अन्य केन्द्रय र राज्य सरकार एजेन्सीहरूको सहयोगमा समन्वित प्रयासहरू सुनिश्चित गरिए।

यस्तै प्रकारले पीड़ितहरूलाई थप दुषचारका लागि पाकिमको प्राथमिक स्वास्थ्य केन्द्र र · Community hall मा स्थित राहत शिविरहरूमा लगियो।

रम्फूमा भारत तिब्बत सीमा पुलिस, IIBP कैयन क्षेत्र नजिक आगलागीको एउटा घटना सृजित गरियो जसले क्षेत्रमा वन क्षेत्रमा आगो लागेको थियो।

पाकिस्तान भिडियो

पाकिस्तानको दुष्प्रचार प्रति सतर्क रहनुहोस्। भारतमाथि पाकिस्तानले वास्तविक हमला गरेको भन्दै एक भीषण Multiple Launch Rocket System आक्रमण देखिने भिडियो सामाजिक संजालमा झूटो हाबीका साथ फैलाइएको छ। यो भिडियो वास्तवमा एउटा भिडियो गेम हो र तीन वर्षभन्दा पुरानो हो।

भारत पाक फेक न्यूज

दुष्प्रचारको यो बेला श्रोताहरूले हरेक सूचनाको सावधानीपूर्वक जांच गर्न जरूरीछ। यदि तपाईहरूलाई भारतीय सशस्त्र बलसित संबधित अथवा वर्तमान स्थितिसित जड़ेको कुनैपनि संदिग्ध जानकारी प्राप्त हुन्छ भने यसको सूचना पिआईबी फेक चेक लाई दिनुहोला। यस्तो सामग्रीलाई whatsapp no 8711711259 अथवा email id social media@pib.gov.in मा पनि साझा गर्नुसक्नुहुन्छ।

सरकारी आवश्यक सेवा

सरकारले देशमा आवश्यक सेवाहरूको सुचारू संचालनका लागि लगातार काम गरि रहेकोछ। राष्ट्रीय सुरक्षासित संबधित हालका घटनाक्रमहरूका मध्येनजर, तयारीहरू र अन्तर मन्त्रालयी समन्वयका लागि विभिन्न मन्त्रालय र विभागहरू द्वारा पाइला चालिन्दैछ।

वैश्विक समर्थन – अपरेशन सिन्दूर

आतंकवादको सामना गर्नका लागि अपरेशन सिन्दूरको थालनी भएपछि भारतको दृष्टिकोणलाई अंतर्राष्ट्रीय समुदायसित पूरा समर्थन प्राप्त भई रहेको छ। अमेरीका, ब्रिटेन, साउदी अरब, इजरायल , कटर र संयुक्त अरब अमीरात लगायत कैयन अन्य देशहरूले भारतलाई आफ्नो समर्थन दिएको छ।

यूरोपेली संघ तथा यसका सबै 27 सदस्य देशहरूले एक स्वरमा सशक्त बयान जारी गरेका छन्।

भारतले पहलगाममा 22 अप्रेल 2025 का दिनभएको आतंककारी हमलाको जवाफमा अपरेशन सिन्दूर शुरू गरेको थियो।यस कर्रावाईमा केवल आतंकी शिविरहरूलाई लक्षित गरिएको थियो। र पाकिस्तानका सैन्य स्थलहरूलाई कुनै नोकसानी पुर्याइएन।

अपरेशन सिन्दूरमा भारतले गरेको कार्रवाई बदला लिने न भई आफनो रक्षा र देशवासीहरूलाई सुरक्षित राख्नका लागि थियो। यस्तो परिस्थितिमा वैश्विक समर्थनले के देखाउँछ भने सबै जिम्मेदार देशहरूले भारतोक आत्मरक्षाको अधिकारलाई बुझेर त्यसको सम्मान पनि गर्छन्।

मौसम

मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार, गान्तोक र वरपरका क्षेत्रहरूमा आजको अधिकतम तापक्रम 24.2 डिग्री सेलसियस र न्यूनतम तापक्रम 15.3 डिग्री सेलसियस रह्नयो।

भोसि सामान्यतः बादल छाउने अनि फाटफुट वर्षा अथवा बिजुली गर्जनका साथ पानी पर्ने पुर्वानुमान छ। अधिकतम तापक्रम लगभग 24 डिग्री सेलसियस र न्यूनतम तापक्रम झण्डै 15 डिग्री सेल्सियस रहने संभावनाछ।